# पाठ्यक्रम विकास केन्द्र
## विशिष्टीकरण तालिका, २०८२
## सैद्धान्तिक मूल्याङ्कन (७५ प्रतिशत)

**कक्षा ९**
**विषय : अर्थशास्त्र**
**विषय कोड : १०३**
**समयः ३ घण्टा**

| विषयक्षेत्र | विषयवस्तु | कार्य घण्टा | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अ. छोटो | छोटो | लामो | अ. छोटो | छोटो | लामो | अ. छोटो | छोटो | लामो | अ. छोटो | छोटो | लामो | | |
| १. अर्थशास्त्रको आधारभूत अवधारणा र साधनको बाँडफाँट | १.१ अर्थशास्त्रको परिभाषा<br>१.२ अर्थशास्त्रको विषयवस्तु र प्रकृति<br>१.३ अर्थशास्त्रको महत्त्व र सीमा<br>१.४ वस्तु र सेवाको अर्थ, भिन्नता र प्रकार<br>१.५ व्यष्टि र समष्टि अर्थशास्त्र : अर्थ, परिभाषा र भिन्नता | १२ | २ | | | १ | १ | | १ | | | | | | ९ | |
| २. व्यष्टि अर्थशास्त्र | २.१ उपयोगिता<br>२.२ माग र पूर्ति<br>२.३ उत्पादनका साधन<br>२.४ उत्पादन | ३० | १ | | | | १ | | | १ | | | १ | १ | २४ | |
| ३. समष्टि अर्थशास्त्र | ३.१ राष्ट्रिय आय<br>३.२ मुद्रा, बैङ्क तथा वित्तीय संस्था | १२ | | | १ | | | | १ | | | | | | ९ | |
| ४. विकास अर्थशास्त्र | ४.१ आर्थिक वृद्धि र विकासको अर्थ र भिन्नता<br>४.२ आर्थिक विकासका सूचकहरू<br>४.३ आर्थिक विकासका समसामयिक मुद्दाहरू | ८ | | | | १ | १ | | | | | | | | ६ | |
| ५. नेपालको अर्थतन्त्र | ५.१ नेपालको अर्थतन्त्रको प्रमुख विशेषता<br>५.२ आर्थिक क्रियाकलाप : प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र, तृतीय क्षेत्र<br>५.३ ग्रामीण र सहरी क्षेत्रका मुख्य आर्थिक क्रियाकलाप र महत्त्व<br>५.४ नेपालको आर्थिक विकासका सम्भावनाका क्षेत्रहरू | १५ | १ | | | १ | १ | | | १ | | | | | १२ | |
| ६. अर्थशास्त्रमा | ६.१ तथ्याङ्कशास्त्रको परिभाषा, कार्य र | १९ | १ | | | १ | | | | १ | | | | १ | १५ | |

पाठ्यक्रम विकास केन्द्र

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिमाणात्मक पद्धति | सीमा<br>६.२ तथ्याङ्क सङ्कलन गर्नुपूर्व ध्यान दिनुपर्ने पक्षहरू<br>६.३ प्राथमिक र द्वितीय तथ्याङ्कको परिचय<br>• प्राथमिक तथ्याङ्क सङ्कलनका विधि<br>• द्वितीय तथ्याङ्कका स्रोतहरू<br>६.४ तथ्याङ्क सङ्कलनका विधि (सङ्गणना र नमुना)<br>६.५ तथ्याङ्कको वर्गीकरण : भौगोलिक, कालक्रमिक, परिमाणात्मक वर्गीकरण (एक्सेलको प्रयोगसहित)<br>६.६ तथ्याङ्कको तालिकीकरण : एकगुण, द्विगुण र त्रिगुण (एक्सेलको प्रयोगसहित) | | | | | | | | | | | | | | | |
| **जम्मा** | | **९६** | **५** | | **१** | **४** | **४** | | **२** | **३** | | | **१** | **२** | **७५** | |

**द्रष्टव्य** :

(क) अति छोटो उत्तर आउने प्रश्नहरू १ अङ्कका हुने छन् र यस्ता प्रश्न जम्मा ११ ओटा सोधिने छन् ।

(ख) छोटो उत्तर आउने प्रश्नहरू ५ अङ्कका हुने छन् र यस्ता प्रश्न जम्मा ८ ओटा हुने छन् साथै एकाइ १ बाट बोध तहको, एकाइ ४ बाट बोध तहको र एकाइ ५ बाट प्रयोग तहको प्रश्नमा थप एक एक ओटा सोही तहकै वैकल्पिक प्रश्नहरू सोधिने छन् ।

(ग) लामो उत्तर आउने प्रश्नहरू ८ अङ्कका हुने छन् र यस्ता प्रश्न ३ ओटा रहने छन् साथै एकाइ ६ बाट उच्च दक्षताको प्रश्नमा थप एउटा सोही तहकै वैकल्पिक प्रश्न सोधिने छ ।

(घ) सकेसम्म हरेक एकाइबाट धेरै विषयवस्तुहरू समेट्ने गरी प्रश्नपत्र निर्माण गर्नुपर्ने छ ।

(ङ) ज्ञान तहमा पूर्णाङ्कको २० प्रतिशतमा नबढ्ने गरी, उच्च दक्षता तहमा २० प्रतिशतमा नघट्ने गरी र अन्य तहमा आवश्यकताअनुसार प्रश्न रहने छन् ।

(च) सबै तहमा विषयको प्रकृति र आवश्यकताअनुसार अति छोटा, छोटा र लामा प्रश्न रहने छन् । सबै तहमा सबै खालका प्रश्न रहनुपर्ने अनिवार्यता हुँदैन । उच्च दक्षताअन्तर्गत विश्लेषण, मूल्याङ्कन र सिर्जनात्मक तहका प्रश्न रहने छन् ।

**प्रश्नका तह र प्रकारअनुसार प्रश्न सङ्ख्या, अङ्क विभाजन र प्रतिशत**

| प्रश्नका तह | प्रश्नका प्रकार र सङ्ख्या | | | | प्रश्नका तह र प्रकार अनुसार अङ्क | | | प्रश्नका तहअनुसार जम्मा अङ्क | प्रश्नका तहअनुसार अङ्क प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|
| | अ.छोटो | छोटो | लामो | जम्मा | अ.छोटो | छोटो | लामो | | |
| ज्ञान (Remembering) | ५ | …… | १ | ६ | ५ | …. | ८ | १३ | १७.३३ |
| बोध (Understanding) | ४ | ४ | …. | ८ | ४ | २० | …. | २४ | ३२ |
| प्रयोग (Application) | २ | ३ | …. | ५ | २ | १५ | …. | १७ | २२.६६ |
| उच्चदक्षता (Higher Ability) | ….. | १ | २ | ३ | …… | ५ | १६ | २१ | २८ |
| जम्मा | ११ | ८ | ३ | २२ | ११ | ४० | २४ | ७५ | १०० |

पाठ्यक्रम विकास केन्द्र

## पाठ्यक्रम विकास केन्द्र

## नमुना प्रश्नपत्र (Model Questions), 2082

**कक्षा : ९** — **पूर्णाङ्क : ७५**

**विषय : अर्थशास्त्र (विषय कोड १०३)** — **समय : ३ घण्टा**

परीक्षार्थीले सकेसम्म प्रश्नहरूको आफ्नै शब्दमा मौलिक उत्तर दिनुपर्नेछ । किनारामा दिइएका अङ्कले पूर्णाङ्कलाई जनाउँछ । (The candidates are required to answer the questions in their own words as far as practicable. The figures in the margin indicate full marks.)

### सबै प्रश्नहरूको उत्तर दिनुहोस् (Attempt all questions)

**समूह 'क' [Group 'A']**

**अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू (Very short answer questions)** **11×1=11**

1. कुन अर्थशास्त्रीको अर्थशास्त्रको परिभाषा आर्थिक मानवको अवधारणासँग सम्बन्धित छ ?
   (Which economist's definition on economics is related to the concept of economic man?)
2. सार्वजनिक वित्त भनेको के हो ?
   (What is public finance?)
3. अर्थशास्त्रका कुनै दुईओटा व्यावहारिक प्रयोगहरू उल्लेख गर्नुहोस् ।
   (State any two practical implications of economics.)
4. तपाईंको दैनिक जीवनमा प्रयोग हुने प्रतिस्थापन वस्तुका दुईओटा उदाहरण दिनुहोस् ।
   (Give any two examples of substitute goods that are used in your daily life.)
5. अर्थशास्त्रको कुन नियमले एउटा विवेकशील उपभोक्ताले एउटा वस्तुका थप एकाइ उपभोग गर्दै जाँदा पछिल्ला एकाइबाट प्राप्त उपयोगिता क्रमशः घट्दै जान्छ भनी बताउँछ ?
   (Which law of economics states that the additional utility a rational consumer derives from consuming successive units of good decreases?)
6. यदि कुनै देशको सन् २०२५ को राष्ट्रिय आय र कुल जनसङ्ख्या क्रमशः रु. ५० लाख र २० हजार जना रहेछ भने सूत्र प्रयोग गरी उक्त देशको प्रतिव्यक्ति आय गणना गर्नुहोस् ।
   (If the national income and total population of a country in 2025 A.D. are Rs. 50 Lakh and 20 thousand respectively, then find percapita income of the country by using formula.)
7. मानव विकास सूचकाङ्क मापनका आधारहरू के के हुन् ?
   (What are the bases of measuring the Human Development Index?)
8. नेपालको अर्थतन्त्रका कुनै दुई विशेषता लेख्नुहोस् ।
   (Write any two features of Nepal's economy.)
9. नेपालको प्राकृतिक सुन्दरतालाई विचार गर्दा यहाँ कुन आर्थिक क्रियाकलापको सबैभन्दा बढी सम्भावना रहेको छ, पहिचान गर्नुहोस् ।
   (Identify which economic activity has the highest potential with reference to Nepal's natural beauty.)
10. द्वितीय तथ्याङ्कका कुनै दुईओटा स्रोत लेख्नुहोस् ।
    (Write any two sources of secondary data.)
11. कस्ता तथ्याङ्कलाई कालक्रमका आधारमा वर्गीकरण गरिन्छ ?
    (What types of data are classified based on chronology?)

पाठ्यक्रम विकास केन्द्र

## समूह 'ख' [Group 'B']

**सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू (Short answer questions)** **8×5=40**

12. अर्थशास्त्रलाई विज्ञान मान्नुका कारण वर्णन गर्नुहोस् ।
(Describe reasons behind considering economics as a science.)
**अथवा (Or)**
अर्थशास्त्रका परम्परागत विषयवस्तुहरू वर्णन गर्नुहोस् ।
(Describe the traditional subject matters of economics.)

13. श्रमका पाँचओटा विशेषताहरू व्याख्या गर्नुहोस् ।
(Explain five features of labour.)

14. दिइएको तालिकालाई विचार गर्नुहोस् र तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।
(Consider the given table and answer the following questions.) **[2+2+1]**

| उपभोग गरिएका वस्तुका एकाइ [Units of commodity consumed (Q)] | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
|---|---|---|---|---|---|---|---|---|
| कुल उपयोगिता [Total utility (TU)] | … | … | … | … | … | … | … | … |
| सीमान्त उपयोगिता [Marginal utility (MU)] | 12 | 10 | 8 | 6 | 4 | 2 | 0 | -2 |

i. सीमान्त उपयोगिताबाट कुल उपयोगिता निकालेर दिइएको तालिका पूरा गर्नुहोस् । (Complete the given table by calculating the total utility from the marginal utility.)

ii. पूरा गरिएको तालिकाको आधारमा कुल र सीमान्त उपयोगिता वक्ररेखाहरूलाई एउटै रेखाचित्रमा खिच्नुहोस् । (Draw total and marginal utility curves based on the completed table in a single diagram.)

iii. खिचिएको रेखाचित्रमा उपभोक्ताको पूर्ण सन्तुष्टिको बिन्दु देखाउनुहोस् । (Show the point of satiety or saturation for a consumer in the constructed diagram.)

15. नेपाल जस्तो विकासोन्मुख मुलकका लागि श्रम प्रधान र पूँजी प्रधानमध्ये कुन उत्पादन प्रविधि बढी उपयुक्त हुन्छ र किन, कारणहरू दिनुहोस् ।
(Which production technique, labor-intensive or capital-intensive, is more suitable for a developing country like Nepal, and why? Give reasons.)

16. आर्थिक विकासलाई परिभाषित गरी यसका चारओटा सूचकहरूको व्याख्या गर्नुहोस् ।
(Define economic development and explain its four indicators.) **[1+4]**
**अथवा (Or)**
गरिबीलाई परिभाषित गरी यसका चारओटा कारणहरुको व्याख्या गर्नुहोस् ।
(Define poverty and explain its four causes.) **[1+4]**

17. नेपालको ग्रामीण क्षेत्रका पाँचओटा आर्थिक क्रियाकलापहरूको व्याख्या गर्नुहोस् ।
(Explain five economic activities of rural sectors of Nepal.)

18. प्राथमिक र द्वितीय क्षेत्रका आर्थिक क्रियाकलापबिचको अन्तरसम्बन्धलाई सान्दर्भिक उदाहरणसहित देखाउनुहोस् ।
(Show the interrelationship between economic activities of primary and secondary sectors with relevant examples.)
**अथवा (Or)**
जलस्रोतले नेपालको आर्थिक विकासमा कसरी योगदान पुऱ्याउन सक्छ, तथ्यहरूका आधारमा पुष्टि गर्नुहोस् ।
(How can water resources contribute to the economic development of Nepal? Justify with evidences.)

19. एउटा अनुसन्धानकर्तालाई प्राथमिक तथ्याङ्क सङ्कलनपूर्व ध्यान दिनुपर्ने पक्षहरू समेटेर सुझावहरू दिनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

(Provide suggestions to a researcher, including aspects to consider before collecting primary data.)

## समूह 'ग' [Group 'C']

## लामो उत्तरात्मक प्रश्नहरू (Long answer questions) 3×8=24

20. यदि कुनै एउटा वस्तुको बजार माग फलन र बजार पूर्ति फलन क्रमशः $Qd_M = 80 - 10P$ र $Qs_M = -40 + 20P$ भए तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।
(If the market demand and market supply functions for a commodity are $Qd_M = 80 - 10P$ and $Qs_M = -40 + 20P$ respectively, then answer the questions below.) **[2+2+2+2]**

a. माग र पूर्ति परिमाणहरू पत्ता लगाउन प्रत्येक मूल्य (P) लाई बजार माग फलन र बजार पूर्ति फलनमा प्रतिस्थापन गरी तालिका पूरा गर्नुहोस् (Complete the following table by substituting each price (P) into the market demand and supply functions to find the corresponding quantities demanded and supplied)

| मूल्य रु. प्रति के.जी. मा (Price in Rs. per kg) [P] | बजार माग के.जी.मा (Market demand in kg) [$Qd_M$] | बजार पूर्ति के.जी.मा (Market supply in kg) [$Qs_M$] | अधिक माग वा अधिक पूर्ति के.जी.मा (Excess demand or excess supply in kg) |
|---|---|---|---|
| 6 | | | |
| 5 | | | |
| 4 | | | |
| 3 | | | |
| 2 | | | |

b. पूरा गरिएको तालिकाको आँकडाबाट बजार माग र पूर्ति वक्रहरू एउटै रेखाचित्रमा रचना गर्नुहोस् ।
(Draw the market demand and supply curves on the same diagram using the data from the completed table.)

c. दिइएका बजार माग र पूर्ति फलनलाई बिजगणितीय रूपमा समाधान गरी सन्तुलित मूल्य र परिमाण निर्धारण गर्नुहोस् । (Determine the market equilibrium price and quantity by solving the given market demand and supply functions algebraically.)

d. पूरा गरिएको तालिका, रचना गरिएको रेखाचित्र र बिजगणितीय विधिबाट प्राप्त सन्तुलित मूल्य र परिमाण तुलना गर्नुहोस् । यी विधिहरूबाट प्राप्त निष्कर्ष एउटै भए नभएको उल्लेख गर्नुहोस् । (Compare the equilibrium price and quantity derived from the completed table, the constructed diagram and the algebraic method. State whether the resulting conclusions are consistent across these methods.)

21. मुद्राका चार किसिम र चार कार्यहरूको वर्णन गर्नुहोस् ।
(Describe four types and four functions of money.) **[4+4]**

22. तल दिइएको कक्षा 9 का विद्यार्थीले अर्थशास्त्रको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कबाट मिलान चिह्न प्रयोग गरी पहिलो वर्गान्तर 0-10 लिएर बारम्बारता वितरण तालिका निर्माण गर्नुहोस् । निर्माण गरिएको उक्त तालिका कति गुणीय हो र किन, कारण दिनुहोस् । (Construct a frequency distribution table using tally marks from the following economics test scores of class 9 students with the first class interval 0-10. How many attributes does the constructed table represent, and why? Provide reasons.) **[5+1+2]**

पाठ्यक्रम विकास केन्द्र

**प्राप्ताङ्क (Marks Obtained):** 5, 10, 15, 25, 55, 5, 15, 10, 25, 50, 10, 5, 15, 55, 5, 10, 35, 25, 45, 45, 10, 25, 5, 35, 30, 5, 55, 5, 25, 55.

**अथवा (Or)**

कीर्तिपुरको एउटा विद्यालयमा कक्षा 9 का सेक्सन A, B, C र D का जम्मा 32 जना विद्यार्थीबिच उनीहरूलाई मन पर्ने विषय पत्ता लगाउन एक अध्ययन गरिएको थियो । ती विद्यार्थीबाट सङ्कलन गरिएको आँकडा निम्नानुसार थियो । (A study was conducted among the 32 students of Class 9, from Sections A, B, C, and D, at a school in Kirtipur to investigate their favourite subjects. The data collected from those students was as follows):

| सेक्सन (Section) | मन पर्ने विषय (Favorite Subject) | सेक्सन (Section) | मन पर्ने विषय (Favorite Subject) |
|---|---|---|---|
| A | अर्थशास्त्र (Economics) | C | अर्थशास्त्र (Economics) |
| B | विज्ञान (Science) | A | नेपाली (Nepali) |
| A | अङ्ग्रेजी (English) | A | गणित (Mathematics) |
| C | गणित (Mathematics) | B | अर्थशास्त्र (Economics) |
| B | अर्थशास्त्र (Economics) | C | सामाजिक अध्ययन (Social Studies) |
| C | नेपाली (Nepali) | B | गणित (Mathematics) |
| A | विज्ञान (Science) | A | अङ्ग्रेजी (English) |
| B | अङ्ग्रेजी (English) | C | अर्थशास्त्र (Economics) |
| C | सामाजिक अध्ययन (Social Studies) | B | गणित (Mathematics) |
| B | अर्थशास्त्र (Economics) | C | अर्थशास्त्र (Economics) |
| A | अङ्ग्रेजी (English) | A | सामाजिक अध्ययन (Social Studies) |
| C | अर्थशास्त्र (Economics) | B | अर्थशास्त्र (Economics) |
| B | गणित (Mathematics) | C | विज्ञान (Science) |
| C | अङ्ग्रेजी (English) | B | नेपाली (Nepali) |
| B | सामाजिक अध्ययन (Social Studies) | C | विज्ञान (Science) |
| B | अर्थशास्त्र (Economics) | C | नेपाली (Nepali) |

दिइएको आँकडाबाट सेक्सनलाई पङ्क्ति र मन पर्ने विषयलाई महलका रूपमा एकीकृत गरी द्विगुणीय बारम्बारता तालिका निर्माण गर्नुहोस् जसमा प्रत्येक सेक्सनका कूल विद्यार्थी, प्रत्येक मन पर्ने विषयका कुल विद्यार्थी र समग्र कुल विद्यार्थी सङ्ख्या पनि समावेश गर्नुहोस् । (Construct a two-way frequency table summarizing the given data with section as rows and favorite subject as columns, including the total students for each section, for each favorite subject, and the overall total number of students.) **[8]**